# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ साउन ३१ गते

## बन्द, हड्तालमा बालबालिकाको प्रयोग गर्नु "संविधान र कानून" विपरीत

संघीय प्रदेशको सीमांकनको विषयलाई लिएर जुम्लालगायत विभिन्न जिल्लामा भएको बन्द, हड्तालमा बालबालिकाको प्रयोग गरिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

साउन ३० गते कर्णाली स्वायत्त प्रदेशको माग राख्दै जुम्लामा कलिला बालबालिकालाई अर्धनग्न अवस्थामा सडकमा उतारेर बन्द, हड्तालमा सहभागी बनाउनु बालअधिकार विपरीतको कार्य हो ।

धर्ना, विरोध प्रदर्शन, सभा लगायतमा बालबालिकाको प्रयोग गर्न नपाइने भनिएपनि बालबालिकाको प्रयोग पछिल्लो समय बढ्दै गएको पाइएको छ । अर्धनग्न अवस्थामा शरीर भरी विभिन्न नारा लेखेर बालबालिकालाई सडकमा उतार्ने कार्य बालअधिकार विपरित भएकाले त्यस्तो कार्य नगराउन बन्दकर्ताहरुलाई आयोग आग्रह गर्दछ ।

बन्द, हड्तालका कार्यक्रममा बालबालिकाको प्रयोग गर्दा हुने जोखिमलाई ध्यानमा राखी बालअधिकार सुनिश्चित गर्न आयोग सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ । राजनीतिक अभिष्ट पूरा गर्ने उद्देश्यका साथ अबोध बालबालिकाहरुको प्रयोग हुनु अत्यन्त दुःखद हो । बालबालिकाको प्रयोग यस ढंगबाट नगर्न तथा विद्यालयहरु सुचारु गर्ने वातावरण निर्माण गर्न आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ ।

बालबालिका शान्ति क्षेत्र हुन भन्ने विषयलाई दृष्टिगत नगरी बालबालिकालाई जथाभावी प्रयोग गर्नु निन्दनीय कार्य हो । जुन सुकै बाहानामा जो कोहीले गर्ने बन्द, हड्ताल जस्ता कार्यक्रममा बालबालिकाको प्रयोग गर्नेमाथि आवश्यक कारबाही गर्न आयोग सरकारको ध्यानाकर्षण गराउँदछ । बालबालिकाको इच्छा विपरीत बन्द, हड्ताल जस्ता कार्यक्रममा बालबालिकाको प्रयोग गर्नु **बालअधिकार सम्बन्धी महासन्धी तथा "बालबालिका सम्बन्धी ऐन, २०४८"** विपरीत कार्य हो ।

वेदप्रसाद भट्टराई

का.मु.सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org